# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ १५ गते २०५२ साल (संख्या ७


## भाग ३

श्री ५ को सरकार

### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पर्यटन ऐन, २०३५ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी होटल, लज, रेष्टुराँ वा बारलाई पर्यटक स्तरमा दर्ता तथा वर्गीकरण गर्ने सम्बन्धमा सुझाव दिनको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहेको स्तर निर्धारण समिति गठन गरेको छ ।

समितिको गठनः—

| | |
|---|---|
| १. महानिर्देशक, पर्यटन विभाग | — अध्यक्ष |
| २. उपप्रमुख, काठमाडौं नगरपालिका | — सदस्य |
| ३. उपप्रमुख, ललितपुर नगरपालिका | — सदस्य |
| ४. अध्यक्ष, नेपाल होटल संघ | — सदस्य |
| ५. उप-निर्देशक, उद्योग विभाग | — सदस्य |
| ६. उप-निर्देशक, भन्सार विभाग | — सदस्य |
| ७. प्रतिनिधि, होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र | — सदस्य |
| ८. अध्यक्ष, रेष्टुराण्ट एशोसिएशन अफ नेपाल | — सदस्य |
| ९. उप-निर्देशक, पर्यटन विभाग | — सदस्य-सचिव |

खण्ड ३१, संख्या ३६, मिति २०३८।६।२७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित पर्यटन मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११३

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कानून सुधार आयोगको अध्यक्ष पदमा श्री हरगोविन्द सिंह प्रधानलाई मिति २०५२।१।१९ बाट ५ वर्षका लागि नियुक्त गरेको छ ।

आज्ञाले,
बेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

राष्ट्रिय योजना आयोगको सचिवालयका सदस्य-सचिव श्री नारायणराज तिवारी अल्पविकसित मुलुकहरूको लागि कार्य योजना सम्बन्धी र अति अल्पविकसित र भू-परिवेष्ठित राष्ट्रहरूको विशेष समितिको बैठकमा भाग लिन एस्क्यापको कार्यालय बैंकक्मा जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सह-सचिव श्री श्रीकान्त रेग्मीलाई मिति २०५१।१२।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका का.मु. सचिव श्री रामविनोद भट्टराई एशियाली विकास बैंकको २८ औं साधारण सभाको बैठकमा भाग लिन यही २०५२।१।१५ गते न्यूजिल्याण्डको अकल्याण्डतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५२।१।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११४

## सूचना ३

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ भारतको नयाँ दिल्लीमा सम्पन्न हुने दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को आठौं शिखर सम्मेलनको सिलसिलामा २०५२।१।१३ गते त्यसतर्फ जानु भएकोले सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त मितिदेखि २०५२।१।१५ गतेसम्म सोही मन्त्रालयका सह-सचिव श्री मुरारीराज शर्मालाई र मिति २०५२।१।१६ देखि सचिव श्री केदारभक्त श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि सोही मन्त्रालयका सह-सचिव श्री गोपीनाथ दवाडीलाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री बलराम सिंह मल्ल UNDP Quality Tourism Project अन्तर्गत पर्यटन क्षेत्रसंग सम्बन्धित विषय वस्तुको अध्ययन भ्रमणमा २०५२।१।१६ गते हङकङ-इण्डोनेशिया-सिंगापुरतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५२।१।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

प्रधानमन्त्रीको कार्यालयका का.मु. सचिव श्री नारायणप्रसाद भट्टराई चीन र उत्तर कोरियाको अवलोकन भ्रमणमा जानु भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सह-सचिव श्री खगेन्द्रप्रसाद पौडेललाई मिति २०५२।१।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

मन्त्रिपरिषद् सचिवालयका का.मु. सचिव श्री कर्णबहादुर चन्द चीन र उत्तर कोरियाको अवलोकन भ्रमणमा जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११२

लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सह-सचिव श्री जगन्नाथप्रसाद गोर्खालीलाई मिति २०५२।१।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
जगन्नाथप्रसाद गोर्खाली
श्री ५ को सरकारको का. मु. सचिव

## सूचना ७

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री शम्भुशरणप्रसाद कायस्थ केन्याको राजधानी नैरोबीमा The United Nations Center for Human Settlements (HABITAT) सम्बन्धी १५ औं बैठकमा सहभागी हुन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जयराम गिरीलाई मिति २०५२।१।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ८

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री बेदव्यास क्षेत्री ईजिप्टको राजधानी कायरोमा संचालन हुने "Ninth UN Congress on the Prevention of Crime and the Treatment of Offenders" मा भाग लिने प्रतिनिधि मण्डलमा समावेश भई त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०५२।१।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११९८